# बेलौरी राजपत्र

बेलौरी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या २ मिति २०८१ असार १०


# भाग १

## बेलौरी नगरपालिकाको सूचना

**नेपालको संविधान धारा २२६ को उपधारा (२) बमोजिम निर्माण गरिएको सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः**

## बेलौरी नगरपालिकाको विनियोजन ऐन, २०८१

बेलौरी नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,



प्रस्तावनाः–

बेलौरी नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बेलौरी नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम "बेलौरी नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

२. **परिभाषा**

क. ''नगर सभा'' भन्नाले बेलौरी नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

ख. ''कार्यपालिका'' भन्नाले बेलौरी नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

ग. ''वडा समिति'' भन्नाले बेलौरी नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

घ. ''विषयगत शाखा'' भन्नाले बेलौरी नगरपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ।

ङ. ''सञ्चित कोष'' भन्नाले बेलौरी नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछु।

३. **आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः-** (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखा, ईकाइ शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त

अनुसूची १ मा उल्लेखित चालू खर्च रु. ५२,३२,९०,०००।- (अक्षेरुपी रु. बाऊन्न करोड बत्तीस लाख नब्बे हजार मात्र) र पूँजीगत खर्च रु. २५,६९,८०,०००।- (अक्षेरुपी रु. पच्चीस करोड उनन्सत्तरी लाख असी हजार मात्र) कुल जम्मा रकम रु. ७८,०२,७०,०००।- (अक्षेरुपी रु. अठहत्तर करोड दुई लाख सत्तरी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

४. **विनियोजनः**- (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त बेलौरी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखा, ईकाइ र शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्ने छ। यसरी रकम सार्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ को मर्म र भावना विपरित नहुने गरी एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको बढीमा २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गरी खर्च जनाउन सकिने छ। पूँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पुँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।



खण्ड ८, संख्या २ बेलौरी राजपत्र, भाग १ मिति २०८१।०३।१०

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा नगर सभाको स्वीकृति लिनु पर्ने छ।

## अनुसूची १

**(दफा ३ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शीर्षकको नाम | विनियोजित रकम (रु.) |
|---|---|---|
| १ | चालु खर्च | ५२,३२,९०,०००।- |
| २ | पूँजीगत खर्च | २५,६९,८०,०००।- |
| जम्मा | | ७८,०२,७०,०००।- |

**आज्ञाले**
**तारा दत्त अवस्थी**
**प्रमुख प्रशासकीय अधिकृत**